का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ वैशाख २०८२,
सोमबार
14 April, 2025
Monday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ७१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




# व्यक्तिको कब्जामा त्रिविको जग्गा

## छानबिन प्रतिवेदन गुपचुप



"त्रिभुवन विश्वविद्यालयको प्रतिवेदन सार्वजनिक हुनुपर्छ र कार्यान्वयनमा लगिनुपर्छ

**अम्मरबहादुर थापा**
**सभापति**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ चैत ।

त्रिभुवन विश्वविद्यालयको जग्गा व्यक्तिको कब्जामा रहेको तथ्य सार्वजनिक भएको ४ महिना भयो । त्रिवि जग्गा छानबिन समितिले गत २ पुसमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझाएको थियो । ६ महिना लगाएर तयार पारेको उक्त प्रतिवेदन प्रधानमन्त्रीले बुझेको ४ महिनासम्म कार्यान्वयनका जान नसकेको हो । हालसम्म उक्त प्रतिवेदन सार्वजनिकसमेत भएको छैन ।



कुन व्यक्तिको नाममा कति जग्गा र कसको पालामा निर्णय भएको भनेर तयार भएको भनिएको उक्त प्रतिवेदन संसद्ले माग्दासमेत पाउन सकेको छैन ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि >>> पृष्ठ २ मा

# प्रदेश राजधानीका दु:ख, पानीको पिरलो

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३१ चैत ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा खानेपानीको अभाव सामान्य विषय जस्तै भइसकेको छ । प्रत्येक वर्ष गर्मी मौसम सुरु भएसँगै यहाँ पानीको अभाव हुनु सुरु हुन्छ ।

प्रदेश राजधानीमै भएको पानीको समस्याले अन्य ठाउँको समस्यालाई समेत देखाएको छ । प्रदेशको राजधानी भएपछि बढ्दो शहरीकरण तथा जनघनत्वका कारण बर्सेनि खानेपानीको समस्या झेल्दै आएको छ वीरेन्द्रनगरले ।

योसँगै सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले सुख्खा खडेरीका कारणले यहाँ ४ दिनमा १ दिन पानी वितरण गर्ने जनाएको छ ।

सुर्खेत उपत्यकामा खानेपानी वितरण गर्दै आएको संस्थाले अबदेखि ९६ घण्टापछि उपभोक्ताका धारामा पानी वितरण गरिने भएकाले खानेपानीको समस्या सुरु भएको छ । सुख्खा खडेरीका कारण पानीको स्रोत घट्दै गएपछि संस्थाले ३ दिनको फरकमा पानी वितरण गर्न लागेको हो ।

पछिल्लो समय वीरेन्द्रनगरमा बढ्दो शहरीकरणका कारण पनि खानेपानीको अभाव हुने गरेको सुर्खेत खानेपानी उपभोक्ता संस्थाका कार्यालय प्रमुख डम्बरबहादुर गौतमले बताए ।

'खानेपानीको मुहान सुकेका कारण अहिले हामीले ४ दिनमा १ दिन खानेपानी वितरण गर्ने गरेका छौं', उनले भने, 'वैकल्पिक उपाय नभएमा यो समस्या रहिरहन्छ ।'

संस्थाले हाल नगरका २० हजार उपभोक्तालाई खानेपानी वितरण गर्दै आएको छ । खडेरीमा हरेक वर्ष उपत्यकामा पानीको हाहाकार हुने हुँदा मागअनुसार पानी पुऱ्याउन नसकेको प्रमुख गौतमले बताए । 'अहिले २० हजार उपभोक्ता छन्', उनले भने, 'खानेपानीको नयाँ धारा जडानको माग पनि बढेकै छ । विगत केही वर्षदेखि नयाँ धारा जडान गरेका छैनौं ।'

उपत्यकामा सहज रूपमा खानेपानी आपूर्ति गर्न दैनिक ३८८ लिटर प्रतिसेकेन्ड खानेपानी आवश्यक छ । वर्षा र हिउँदको समयमा समेत आयोजनाको डिजाइन क्षमताअनुसार झुप्रा खोलाबाट ८६, खरीखोला बोरीखोलाबाट ३०, इत्राम खोलाबाट २७, दुन्दुरे खोलाबाट ५ र खोर्के खोलाबाट १० लिटर प्रतिसेकेन्ड गरी जम्मा १५८ लिटर प्रतिसेकेन्ड खानेपानी उपलब्ध हुने गरेको थियो ।

खानेपानीका स्रोतहरूमा ह्रास आएपछि अहिले झुप्रा खोलाबाट ५०, खरीबोरी खोलाबाट २०, इत्राम खोलाबाट १०, दुन्दुरे खोलाबाट ५ र खोर्के खोलाबाट ५ लिटर प्रतिसेकेन्ड १५८ लिटर >>> पृष्ठ २ मा

# ट्राफिकले चेकिङमा चाबी खोस्न नपाउने

**जानकी वाठक/मध्यान्ह**
काठमाडौं, ३१ चैत ।

अबदेखि ट्राफिक प्रहरीले चेकिङका क्रममा कुनै पनि सवारी साधनको चाबी (साँचो) खोस्न नपाउने भएको छ। सवारी साधन चेकिङका क्रममा चाबी खोस्ने कानुनी अधिकार ट्राफिक प्रहरीलाई नरहेको उच्च अदालत पाटनले व्याख्या गरेको हो ।

सवारी चालकलाई अनावश्यक दु:ख दिने, चाबी खोस्ने र लुकीलुकी चिट काट्नेजस्ता कार्यले ट्राफिक प्रहरी जाँचको तरिकप्रति आमटिप्पणी भइरहेको छ । यही अवस्थामा उच्च अदालतबाट भएको व्यख्याले सवारी चालकमाथिको त्रास कम हुने बताइएको छ ।

विवेक चौधरीले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयलाई विपक्षी बनाएर गत ७ कात्तिकमा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# म ढाँट्दा पनि ढाँट्दिनँ, कसम पनि खान्नँ : नवनिर्वाचित अध्यक्ष गुरुङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ चैत ।



नेपाल वैदेशिक रोजगार व्यवसायी संघका नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगार प्रशासनमा रहेका नीतिगत तथा व्यावहारिक अस्पष्टता हटाउने विषयलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

संघको गत शुक्रबार सम्पन्न साधारणसभाबाट अध्यक्षमा निर्वाचित गुरुङले नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले आइतबार आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा उक्त धारणा राखेका हुन् ।

आफू अध्यक्षमा निर्वाचित भएपछि केही व्यवसायीले प्राथमिकताका एजेन्डा के-के हुन् ? भनेर आफ्ना भावी प्राथमिकतामा चासो राख्ने गरेका भन्दै अध्यक्ष गुरुङले भने, 'कतिपयले नयाँ भवन खरिद के हुन्छ ? भनेर प्रश्न राख्ने गर्नुभएको छ । मैले प्रस्ट भनेको छु- नयाँ भवनभन्दा मेरो प्राथमिकता संख्या सय समस्याको समाधान हो । सयको चिन्ता धेरै व्यवसायीलाई छ, असारसम्म नभई वैशाख महिनामा नै हुने वातावरण बनाउन पहल गर्छु ।'

अध्यक्ष गुरुङले केही व्यवसायी नेताहरूमा दिनको १० पल्ट ढाँट्ने र २० पटक कसम खाने बानी समस्याको रूपमा रहेको भन्दै आफूले त्यसो नगर्ने प्रतिबद्धता जनाए । उनले भने, 'म ढाँट्दा पनि ढाँट्दिनँ, कसम पनि खान्नँ । अध्ययन गरेर निर्णय गरेपछि पछि पनि हट्दिनँ ।'

अध्यक्ष गुरुङले वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, सम्मानित र मर्यादित बनाई नयाँ पुस्ता अझ भनौं छोरा छोरी पुस्तालाई हस्तान्तरण गर्ने विषय पनि आफ्नो प्राथमिकताको विषय भएको उल्लेख गरे । त्यसका लागि व्यवसायीहरूमा पनि आचारसंहिता मान्ने, अनुशासनमा रहेर >>> पृष्ठ २ मा






**व्यक्तिको...**

समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग त्रिवि जग्गा छानबिन समितिको प्रतिवेदन मागेको छ ।

संसदीय समितिले ४ पटक माग्दासमेत उक्त छानबिन प्रतिवेदन पाउन सकेको छैन ।

सरकारले सार्वजनिक नगरेका कारण त्रिवि जग्गा छानबिन समितिको प्रतिवेदन संसदीय समितिलाई उपलब्ध गराउन नसकिएको सरकारी अधिकारीहरू बताउँछन् । सरकारले मागेको प्रतिवेदन नदिएको भनेर प्रश्न उठ्दै आएको छ । तथापि, सरकारले सुनिरहेको छैन । परिणाममा, त्रिवि जग्गा छानबिन समितिको प्रतिवेदन ४ महिनादेखि गुपचुप छ ।

त्रिविको जग्गा अपचलन र अतिक्रमणबारे विवरणहरू नै सार्वजनिक भएपछि प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले त्रिविको जग्गा छानबिन गर्न सरकारलाई निर्देशन दिएको थियो । संसदीय समितिसमेतका आधारमा सरकारले १७ जेठ २०८१ मा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन समिति बनाएको थियो ।

त्रितालको संयोजकत्वमा गठित ५ सदस्यीय समितिले ४ महिना अगाडि गत २ पुसमा प्रधानमन्त्री ओलीलाई आफ्नो प्रतिवेदन बुझाएको हो । लगत्तै ३ पुसमा बसेको संसद्को शिक्षा समितिले उक्त प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई निर्देशन दिएको थियो ।

प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई निर्देशन दिँदै समिति सभापति अम्मरबहादुर थापाले त्रिविको सम्पत्तिलाई संरक्षण गर्ने हो भने सरकारले लगानी गर्नु नपर्ने बताएका थिए बरु सरकारले केही माग्यो भने त्यहाँबाट दिन सक्ने अवस्था रहेको भन्दै उनले यस निम्तिसमेत छानबिन प्रतिवेदन सार्वजनिक हुनुपर्ने बताएका थिए ।

'त्रिभुवन विश्वविद्यालयको प्रतिवेदन सार्वजनिक हुनुपर्छ र कार्यान्वयनमा लगिनुपर्छ', उनले भनेका थिए, 'त्रिविको सम्पत्तिलाई संरक्षण गर्ने हो भने त्रिविमा सरकारले लगानी गर्नुपर्दैन ।'

सरोकारवालाहरूका अनुसार त्रिविको झन्डै ४ हजार रोपनी जग्गा छ । त्यसमध्ये १ हजार बढी रोपनी जग्गा हिनामिना भएको विवरण प्रतिवेदनमा समावेश छ । तर, यति गम्भीर विषय समावेश भएको छानबिन प्रतिवेदन सरकारले न कार्यान्वयनमा लगेको छ, न त सार्वजनिक नै गरेको छ ।

सरकारी अभिलेखअनुसार त्रिभुवन विश्वविद्यालय रहेको कीर्तिपुर परिसरमा त्रिविका नाममा ३ हजार ७२२ रोपनी क्षेत्रफलको जग्गा छ । त्यसमध्ये १ हजार रोपनीभन्दा बढी जग्गा विभिन्न संस्थाले भोगचलन गर्दै आएका छन् । त्यसमा अतिक्रमण भएको निष्कर्ष छानबिन समितिको छ ।

२०१३ साल र २०३२ सालमा अधिग्रहण गरेको जग्गामा १ हजार रोपनी खुम्चिएको विवरण प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनले त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायतका क्षेत्रको जग्गा हिनामिना भएको भनिएको छ । समितिले जग्गाको अवस्था, दुरुपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको भनिएको छ । समितिले जग्गाको दुरुपयोगको छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा पठाउनुपर्ने भनेको छ ।

त्रिविको देशभर रहेको जग्गा संरक्षण गर्नुपर्ने र हजारौं रोपनी जग्गा अपचलन भएका कारण सरकारले अधिकार सम्पन्न शक्तिशाली जाँचबुझ आयोग नै बनाउनुपर्ने राय दिइएको छ । यदि यसअनुसार काम भए त्रिविका तत्कालीन पदाधिकारी, प्राध्यापक संघ र कर्मचारी संघका अधिकारीहरूसमेत अनुसन्धानको दायरामा आउने भनिएको छ ।

त्रिविका पदाधिकारीहरू पनि छानबिन प्रतिवेदन बुझाएपछि जग्गा फिर्ता पाउने आसमा छन् । तर, प्रतिवेदन नै सार्वजनिक नभएकामा उनीहरूको आशंका छ ।

उनीहरूका अनुसार त्रिविको जग्गा शैक्षिक प्रयोजनबाहेक अन्य कुरामा उपयोग गर्न मिल्दैन । तर, यस्तो प्रावधानको पालना भएको छैन । त्रिविको जग्गा प्रहरी चौकी, निजी स्कुल, पेट्रोल पम्प, धार्मिक संस्थाका लागि प्रयोग भएका छन् ।

विभिन्न १८ वटा संस्थाले त्रिभुवन विश्वविद्यालयको जग्गा भोगचल नगरिरहका र त्यो कार्य ऐनविपरीत रहेको अध्ययन प्रतिवेदनको निष्कर्ष छ ।

त्यसमा को जिम्मेवार छन् भन्ने विषयसमेत समावेश रहेकाले प्रतिवेदन नै सार्वजनिक हुन नसकेको कतिपयको आशंका छ ।

**प्रदेश...**

पानी आपूर्ति भइरहेको संस्थाका प्रमुख इन्जिनियर बालाराम तिवारीले बताए । अबदेखि ४ दिनको फरकमा खानेपानी वितरण गर्नेगरी वितरण समय तालिका बनाएको तिवारीले बताए ।

उपत्यकाको असमान भू-बनोटका कारण कुनै धारामा पानी जाने, कुनैमा नजाने समस्या देखिन सक्ने भएकाले संस्थालाई खबर गर्न इन्जिनियर तिवारीले जानकारी दिए । 'हाम्रा ९ वटा स्किम छन्', उनले भने, 'तिनै स्किममा समस्या पर्ने भएकाले कार्यालयमा जानकारी दिन भनेका छौं ।'

२०६२ देखि २०७७ सालसम्म डिजाइन अवधि रहेको आयोजनाको हाल उक्त अवधि समाप्त भइसकेको छ । हाल वीरेन्द्रनगरको जनसंख्या २ लाख बढी छ । उपत्यकामा बढ्दो शहरीकरणसँगै जनसंख्या वृद्धि हुँदै जाँदा खानेपानीको मागअनुसार आपूर्तिमा सन्तुलन कायम गर्न नसक्दा अहिलेको समस्या आएको हो ।

२५ वर्ष पुरानो खानेपानीको स्रोतले वीरेन्द्रनगरमा मागअनुसारको खानेपानीको आपूर्ति धान्न नसक्ने भन्दै २०६८ सालदेखि नै आयोजनाको पुनरावलोकनका लागि आवाज उठाउँदै आएको भए पनि सरकारी तवरबाट हालसम्म कुनै सुनुवाइ भएको छैन ।

वीरेन्द्रनगर नगरपालिकाको खानेपानीको विकल्पमा रूपमा लिइएको बहुचर्चित भेरी पम्पिङ आयोजनाअन्तर्गत पहिलो चरणको काम भइरहेको छ । यो काम अबको साढे २ वर्षमा सम्पन्न गरिने छ ।

उक्त काम सम्पन्न भएपछि खानेपानीको समस्या समाधान हुने नगरपालिकाको दाबी छ । नगरपालिकाले कुल १६ वटा वडामध्ये १३ नम्बर वडामा खानेपानी वितरण गर्ने लक्ष्य राखेको छ ।

**ट्राफिकले...**

रिट दायर गरेका थिए । सो रिटसँगै चौधरीले ३ असोजमा कमलादीको नेपाल प्रज्ञाप्रतिष्ठान अगाडि टुकुचा खोला क्षेत्रमा ट्राफिक प्रहरीले १ जना सवारी चालकसँग वादविवाद गरेको भिडियो प्रमाणका रूपमा पेस गरेका थिए ।

न्यायाधीश चन्द्रमणि ज्ञवाली र कविप्रसाद न्यौपानेले ६ माघमा उक्त रिट खारेज गरे पनि विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । अहिले उक्त आदेशको पूर्ण पाठ सार्वजनिक भएको छ ।

अदालतको उक्त पूर्ण पाठमा भनिएको छ, 'कानुनले तोकेको कारबाहीबाहेक त्यस्तो चाबी खोस्नेसमेतका कार्य नगर्नू/नगराउनू भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ ।'

ट्राफिक प्रहरीले त्यसरी खोस्ने वा नियन्त्रणमा राख्ने कार्य नगर्न/नगराउन परमादेश माग भएको थियो । तर, उक्त भिडियोमा वादविवाद भएको देखिए पनि खोसेको भने नदेखिएको भन्दै परमादेश जारी गर्न जरुरी नरहेको आदेशमा उल्लेख छ ।

'चाबी खोस्ने विषयमा वादविवाद भएको भन्ने पुष्टि भएको देखिन्छ तर निवेदनमा उल्लेख गरेजस्तो ट्राफिक प्रहरीले चाबी खोसेको भन्ने मिसिल संलग्न प्रमाण तथा भिडियो सीडीसमेतबाट नदेखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन', आदेशमा भनिएको छ ।

ट्राफिक प्रहरीले चाबी खोस्न पाउने विषयमा कानुनी व्यवस्था नरहेको, जाँचका नाममा सर्वसाधारणलाई त्रासमा राख्ने किसिमको अभिव्यक्ति दिनु शोभनीय नहुने आदेशमा भनिएको छ ।

'कानुनमा चाबी खोस्न पाउने भन्ने व्यवस्थाको अभावमा सार्वजानिक पदमा रही कर्तव्य निर्वाह गर्न जाँदा कानुनले तोकेको विधि र मान्यताको पालना गर्नुपर्ने हुन्छ, त्यस्तो व्यवस्था नै नभएको अवस्थामा सर्वसाधारणलाई त्रासमा पार्ने किसिमको अभिव्यक्ति दिनु प्रहरी कर्मचारीको निमित्त शोभनीय हुँदैन', आदेशमा उल्लेख छ ।

**म ढाँट्दा...**

काम गर्ने इमान्दारी देखिनुपर्ने उनको भनाइ थियो ।

उनले भने, 'जायज कुरामा म चौबीसै घण्टा व्यवसायीका पक्षमा छु तर पासपोर्ट लग्यो, यता-उता आइज भनियो भने म आउनेवाला छैन ।'

उनले व्यवसायीका समस्या समाधान गर्नका लागि वैदेशिक रोजगार विभागमा खटिएर काम गर्ने संघका प्रतिनिधि व्यवसायीका लागि पनि आचारसंहिता तोक्ने योजना रहेको बताए । अध्यक्ष गुरुङले संघले गर्ने सल्लाहकारहरूको नियुक्तिका विषयमा पनि नयाँ तरिकाले सोच्ने बताए । उनले भने, 'वैदेशिक रोजगार विभागमा २६ वटा महानिर्देशक परिवर्तन भइसके तर संघमा कोहि बर्षौं देखि सल्लाहकारको सल्लाहकार बनिरहेका छन् परिवर्तन भएका छैनन् । कतिपय सल्लाहकारले विधानविपरीत संघको साधारणसभा सार्ने सल्लाह दिएका छन् । तर, उनीहरू नै सल्लाहकार भएर बसेका छन् । अब पहिले जस्तो गरी संघलाई चलाउने छैन ।'

उनले संघ प्रभावकारी बनाउन कार्यसमिति सदस्यहरूको कसैसँग अनुचित साँठगाँठ नहोस् भनेर आचारसंहिता तोक्ने र तोकिएको आचारसंहिताविपरीत काम गरे अनुशासनको कारबाही गरिने बताए ।

कार्यक्रममा वैदेशिक रोजगार विभागका निर्देशक उपेन्द्र पौडेल विशिष्ट अतिथि वक्ता थिए । अतिथि वक्ता पौडेल समक्ष अध्यक्ष गुरुङले अनुगमनको नाममा विभागबाट भएको व्यवहारप्रति असन्तुष्टि जनाए ।

विभागले नियमित र गुनासो आएपछि अनुगमन गर्ने गरेको छ । अनुगमन जानुपर्ने हो भने संघको प्रतिनिधि राखेर अनुगमन गरेर छानबिन गरी गलत गर्ने व्यवसायीलाई कारबाही गरे संघले गुनासो नगर्ने तर तोकिएको कार्यविधिविपरीत अनुगमन संघलाई मान्य नहुने उनले अडान राखे ।

अध्यक्ष गुरुङले युरोपेली मुलुकमा संस्थागत रूपमा जाँदा पलायन बढ्छ भनेर मागपत्र प्रमाणीकरण नगर्ने प्रवृत्तिलाई सुधार गर्नुपर्नेमा जोड दिए । उनले प्रश्न गरे, 'व्यक्तिगत रूपमा जाँदा पलायन हुँदैन ?'

त्यसैगरी अध्यक्ष गुरुङले वैदेशिक रोजगार ऐनमा महानिर्देशकले कारबाही गर्ने तर उक्त कारबाही उपर मन्त्रीले पुनरावेदन गर्ने हालको व्यवस्था अव्यावहारिक भएको भन्दै त्यसलाई परिवर्तन गर्न संघ अग्रसर हुने बताए ।

अध्यक्ष गुरुङले फ्री भिसा, फ्री टिकट लागू गर्ने सम्बन्धमा मन्त्रालयले लिएको नीतिको पनि आलोचना गरे । उनले भने, 'कुवेतबाट लागू गराऔं, हाम्रो सहमति छ ।'

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले नेपाली कांग्रेसले सबैसँग समन्वय गरेर व्यवसायीले उठाएका समस्या समाधानका लागि पहल गर्ने आश्वासन दिए ।

विभागका निर्देशक पौडेलले व्यवसायी देशको अर्थतन्त्रको मेरुदण्ड, करदाता भएकाले आफू संघमा काम गरेको १ महिनाको अनुभवका आधारमा विधि, नीति र पद्धतिमा रहेर विभाग व्यवसायीको काँधमा काँध, साथमा साथ बनेर सहकार्यमा जानुपर्छ भन्ने निष्कर्षमा पुगेको बताए ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका प्रथम उपाध्यक्ष विनोदजंग केसीले व्यवसायीलाई सुरक्षित अवस्थामा काम गर्ने वातावरण बनाउन नवनिर्वाचित अध्यक्ष र कार्यसमिति समक्ष आग्रह गरे । वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशीले चुनावी प्रतिस्पर्धा छाडेर वैदेशिक रोजगारमा जाने कामदार र व्यवसायीका हितमा काम गर्ने योजना बनाउन नवनिर्वाचित कार्यसमितिलाई आग्रह गरे ।

कार्यक्रमका सभापति एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले संघको निर्वाचनमार्फत नयाँ टिमले व्यवसायीका समस्या समाधान गरेर नयाँ आशाको संचार गराउन सुझाव दिए । स्वागत मन्तव्य राख्दै समितिका उपाध्यक्ष तारानाथ अर्याललले संख्या सय समस्या समाधान, नयाँ गन्तव्य खोजेर मागपत्र प्रमाणीकरणमा सहजीकरण गरी हाल वैदेशिक रोजगार नियम(ावलीले वैदेशिक रोजगार ऐनलाई संचालन गरिरहेकाले त्यसलाई परिमार्जन गर्ने भूमिका खेल्न नवनिर्वाचित नेतृत्वको ध्यानाकर्षण गराए ।

दमक नगरपालिकाकी उपमेयर रेजिना पाण्डे, समितिका सल्लाहकार भिजन एन्ड भ्याल्यु ओभरसिज प्रा. लि.का संचालक पदमराज पौडेल, वैदेशिक रोजगार व्यवसायी महिला संघकी महासचिव हिरा देवी बुढाथोकी, संघका पूर्व प्रथम उपाध्यक्ष किशोर केसी, वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाजका प्रतिनिधिलगायतको उपस्थिति रहेको कार्यक्रममा संघको नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रम समितिका सचिव लक्ष्मण पौडेलले संचालन गरेका थिए ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ

हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई अपिल

- विहान ५ बजेसम्म साना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ५ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गने गरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोट गर्ने गरौ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा पविारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौ र वारुणयन्त्रलाई पोखरीबाट पानि भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति मथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

नयाँ वर्ष २०८२ को उपलक्ष्यमा गाउँवासी, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको **सुस्वास्थ्य उन्नती र दीर्घायुको एवम् समृद्धिको हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

| देवराज चौधरी | सिता देवी राजबंशी | तेजिन्द्र गौतम |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई अपिल

- विहान ५ बजेसम्म साना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ५ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गने गरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोट गर्ने गरौ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा पविारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौ र वारुणयन्त्रलाई पोखरीबाट पानि भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति मथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

नयाँ वर्ष २०८२ को उपलक्ष्यमा गाउँवासी, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको **सुस्वास्थ्य उन्नती र दीर्घायुको एवम् समृद्धिको हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

| अशोक राई | सिता राई | धन कुमार राई |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

युएईमा रोजगार
कम्पनी: SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/०९ चलानी नं.:६०२२८५४२ L.T. No.: 314167 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | |
| 1. | Security Guard | 74 | 9 | स. काममा दक्ष | 2000 | ७४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ८ गते (21 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता पोखरा पृथ्वी चोकमा २०८२ बैशाख ८ गते (21 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता शिखर ट्रेनिङ सेन्टर काठमाडौंमा २०८२ बैशाख ८ गते (21 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 367/059/060
SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 5908135, 9762530735, 9844594767, 9810274885
Email ID: info@suneranepal.com.np, Website: www.suneranepal.com

## पूर्वराजाको अर्को राजनीतिक सन्देश

# २०८२ मा अस्थिर राजनीतिले मुक्ति पाउँछ

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ३१ चैत ।

पूर्वराजा ज्ञानेन्द्र शाहले नयाँ वर्ष २०८२ को अवसरमा अर्को राजनीतिक सन्देश दिएका छन् । आइतबार नयाँ वर्ष २०८२ को अवसरमा भिडियो सन्देश दिँदै पूर्वराजा शाहले अहिलेको अस्थिर राजनीतिक व्यवस्थाबाट २०८२ सालमा देशले मुक्ति पाउने बताएका छन् । यसअघि ७ फागुनमा प्रजातन्त्र दिवसका अवसरमा दिएको राजनीतिक सन्देशको तरंग सेलाउन नपाउँदै उनले अर्को तरंग ल्याउने कोसिस गरेका छन् ।

सन्देशमा उनले १५ चैतमा तीनकुनेमा भएको राजावादीहरूको हिंसात्मक प्रदर्शनप्रति दुःख प्रकट गरेका छन् ।

भिडियो सन्देशमा पूर्वराजा शाहले तीनकुने घटनामा भएको मानवीय एवं भौतिक क्षतिप्रति आफूलाई दुःख लागेको उल्लेख गरेका छन् । राजावादीहरूले गरेको प्रदर्शनमा २ जनाको मृत्यु भएको छ भने निजी तथा सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोड गरिएको छ ।

'समाजका विभिन्न दल, वर्ग र जनसमुदायले आफ्ना धारणा, आस्था तथा अभिव्यक्ति राख्न पाउनु प्रजातन्त्रको सुन्दर विशेषता हो', शाहले जारी गरेको १४ मिनेट लामो सन्देशमा भनेका छन्, 'तर, त्यस्तो धारणा र मान्यता प्रस्तुत गर्दा सबैले संयम अपनाउनुपर्दछ । केही दिनअघि जनप्रदर्शनमा जुन प्रकारको हिंसा, आगजनी, तोडफोड भयो, त्यसबाट जस प्रकारको मानवीय एवं भौतिक क्षति भयो, त्यो सुन्दा हामीलाई



अत्यन्तै दुःख लाग्यो ।' सन्देशमा उनले नागरिक स्वतन्त्रताभन्दा ठूलो तन्त्र वा वाद अरू केही नहुने बताएका छन् ।

'नागरिक स्वतन्त्रताभन्दा ठूलो तन्त्र वा वाद हुँदैन । वास्तविक प्रजातन्त्र त्यहाँ हुन्छ, जहाँ राम्रो, नराम्रो जनगुनासो वा गुणगान सुन्ने परम्परा र संस्कार हुन्छ', शाहले सन्देशमा भनेका छन् ।

शाहले नेपाली जनतामा देश र भविष्यलाई लिएर पैदा भएको जागरुकतालाई आफूहरूले सकारात्मक रूपमा लिएको पनि जिकिर गरेका छन् । 'देशलाई विद्यमान जटिलताबाट मुक्त गराई शान्त, स्थिर र समृद्ध मुलुक बनाउने जागरुकता जुन पैदा भएको छ, नयाँ वर्ष २०८२ मा नेपाली जनताको चाहनाअनुरूपको परिणाम हासिल हुने विश्वास थपिएको छ', सन्देशमा उनले भनेका छन् । पृथ्वीनारायण शाहको दिव्य उपदेशलाई अबको राज्यसत्ताको मूल मन्त्र बनाउनुपर्ने उनको जोड छ ।

'राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराजको दिव्य उपदेशलाई नै अबको राज्यसत्ताको मूल मन्त्र सोच्नुमा के होला ? सन्तुलित कूटनीतिक सम्बन्ध र आत्मनिर्भर नेपालको परिकल्पना नै पृथ्वीपथको मूल सार हो । यही नै राजनीतिको मूलधार हुनुपर्ने हो', शाहले भनेका छन् ।

मुलुकको अशान्ति, अराजकता र निराशाबाट आमनेपालीलाई मुक्त गर्न राजसंस्थाले जहिले पनि योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै उनले बहुदलीय प्रजातन्त्र र संवैधानिक राजसंस्थाको परम्परा आफूहरूको मान्यता रहेको जिकिर गरेका छन् ।

'मुलुकमा व्याप्त अशान्ति, अराजकता, निराशा र असन्तुष्टिबाट आमनेपालीलाई मुक्त गर्न नेपालको राजसंस्थाले जहिले पनि योगदान पुऱ्याउँदै आएको विदितै छ', शाहले भनेका छन्, 'राष्ट्रियता र प्रजातन्त्रलाई मूल कार्य मान्दै जनभावनाबमोजिम चल्ने बहुदलीय प्रजातन्त्र र संवैधानिक राजसंस्थाको परम्परा रहिआएको छ ।'

उनले देश अहिले जटिल राजनीतिक मोडमा रहेको बताउँदै २०८२ सालमा यसबाट निकाल्नुपर्ने उल्लेख गरेका छन् । 'देशलाई वर्तमान जटिलताबाट मुक्त बनाई शान्त र समृद्ध बनाउने जुन शक्ति पैदा भएको छ, त्यसबाट २०८२ मा नेपाली जनताको चाहनाअनुसारको व्यवस्था आउने विश्वास गरेको छु', उनले भने, 'मुलुकमा रहने अराजकता र अशान्तिबाट देशलाई मुक्त गराउन नेपालको राजसंस्थाले योगदान दिने गरेको छ ।'

शाहले राष्ट्रियता र प्रजातन्त्रलाई मूल कार्यभार मानी संवैधानिक राजसंस्थाका रूपमा रहने आफूहरूको परम्परामा मान्यता रहेको पनि बताएका छन् । 'वर्तमानमा जनताको चहानाको कदर गरी राज्यसंस्थाको स्रोत जनता नै हुन्', उनले भनेका छन्, 'संवैधानिक राजसंस्थाका रूपमा जनताको चहनाअनुसार २०८२ सालमा देश अघि बढ्ने विश्वास पनि हामीले लिएका छौं ।'

# नयाँ वर्ष २०८२ सुरु, हर्षोल्लासका साथ मनाइँदै

**काठमाडौं / मस-** आजदेखि विक्रम सम्वत् २०८२ साल सुरु भएको छ । नयाँ वर्ष प्रारम्भ भएको पहिलो दिन आज नेपालमा र विदेशमा रहेका नेपालीहरुले हर्षोल्लासका साथ एक आपसमा शुभकामना आदान-प्रदान गर्दै मनाउँदैछन् ।

नयाँ वर्ष आरम्भका अवसरमा आज नेपालभरका सरकारी कार्यालय, सार्वजनिक संस्थान एवम् शिक्षण संस्थामा सार्वजनिक बिदा दिइएको छ ।नयाँ वर्षको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे लगायत राजनीतिक दलका शीर्ष नेता लगायतले शुभकामना सन्देश दिँदै सबै नेपालीको उन्नती प्रगतिको कामना गरेका छन् ।

नयाँ वर्षमा सफलता मिल्ने शुभकामना एक अर्कामा व्यक्त गर्दै, मिस्ठान्न भोजन बाँड्दै, साँस्कृतिक उत्सव आयोजना गर्दै आज नयाँ वर्ष विशेष पर्वको रुपमा मनाउने गरिन्छ । सफलता प्राप्त गर्न आजका दिन नयाँ योजना निर्माण एवम् सत्संकल्प गर्ने परम्परा समेत रहेको छ ।




# जुम्ला प्रहरीद्वारा हिमा गाउँपालिकामा नागरिक सुनुवाइ

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, ३१ चैत

जिल्ला प्रहरी कार्यालय जुम्लाले हिमा गाउँपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । नागरिकको गुनासो र सुझाव संकलन गर्ने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो । जिल्ला प्रहरी कार्यालय सामुदायिक प्रहरी जुम्लाको प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत नागरिक सुनाइ कार्यक्रम गरिएको हो ।

यसअघि पातारासी गाउँपालिकामा नागरिक सुनुवाइ कार्यक्रम गरिएको थियो । प्रहरीले नागरिकहरुलाई दिने सेवा प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नागरिकको गुनासो सुन्न नागरिक सुनुवाइ कार्यक्रम गाउँपालिकास्तरमा आयोजना गरिएको प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीले बताए ।

उनले नागरिक सुनुवाइ कार्यक्रमले प्रहरी र नागरिकको सम्बन्ध राम्रो हुने बताए । उनका अनुसार प्रत्येक पालिका पुगेर नागरिक सुनुवाइ कार्यक्रममार्फत आएको गुनासोसहितको सल्लाह र सुझावलाई कार्यान्वयन गर्ने तयार रहेको छ ।

त्यस्तै हिमा गाउँपालिकाका अध्यक्ष लक्ष्मण शाहीले पालिकालाई लक्षित गरी उठेका सवालको बारेमा स्पष्ट पारेका थिए । उनले नागरिकको



लागि शान्ति, सुरक्षा कायम गर्ने प्रहरीले आफ्नो कार्य प्रगती नागरिक माझ सार्वजनिक गर्नु राम्रो कुरा रहेको बताए । उनले प्रहरी र नागरिकबीच सुमधुर सम्बन्ध स्थापित गर्न हिमागाउँपालिकामा नागरिक सुनुवाइ सञ्चालन गरेको बताए । उक्त कार्यक्रममा स्थानीय नागरिकसँगका गुनासो सुन्ने, समुदायका समस्या र प्रहरीले गर्नुपर्ने दायित्वको सन्दर्भमा अन्तरक्रिया समेत भएको थियो ।

त्यस्तै जिल्ला सरकारी वकिल अनिल रेग्मीले कानुन सबैलाई बराबर छ, कानुनको अनविज्ञता क्षम्य हुँदैन भन्दै कुनै पनि नागरिकले अन्यय सहेर नबस्न अनुरोध गरे । त्यस्तै समुदाय र प्रहरीसँगको सहकार्यमा काम गर्दै आइरहेको शान्त र सुरक्षित समाजका निमित्त प्रहरी र स्थानीय पदाधिकारीले मात्रै गरेर नहुने हुँदा सो विषयमा आमनागरिक पनि त्यतिकै सजक रहनुपर्ने सरोकारवालाहरुको भनाइ छ ।















मध्यान्ह
www.madhyanhadaily.com
१ वैशाख २०८२ सोमबार
14 April 2025, Monday

सम्पादकीय

## देशले गर्नुपर्ने समीक्षा

विक्रम सम्बत् २०८२ सुरू भएको छ । सम्बत् २०८१ लाई बिदाइ गर्दै नयाँ वर्षको स्वागत गरिरहँदा धेरैले गर्ने भनेको संकल्प हो । सुरक्षित र समृद्ध भविष्यको अपेक्षासहित आफ्ना जीवन संस्कृति परिवर्तनको संकल्प प्रायः नयाँ वर्षकै दिन सुरू गर्ने प्रचलन छ । समय अवधिमा वर्ष दिन मानिसको जीवनचक्रमा अर्थपूर्ण हुने भएकाले पनि यही संकल्प गरिएको हुनुपर्छ । उसो त महिना, साता अथवा दिनमा पनि संकल्प गरिन्छ तर ती संकल्प छोटो अवधिका हुने भए । दशक, रजत र शताब्दी मानिसको जीवनमा लामो कालखण्ड हुने भयो । त्यसो हुँदा वर्ष दिन संकल्पका निम्ति उपयुक्त अवधि मानिन्छ र नयाँ वर्षका दिन संकल्प गरिन्छ ।

संकल्पको आधार भने समीक्षा नै हो । बितेका समयमा गरिएका कामहरूको समीक्षाले नै नयाँ संकल्पको आधार सिर्जना गर्छ । हाम्रा आनीबानी कस्ता छन् ? कमजोरी के भए ? राम्रा पक्ष के हुन् ? जस्ता पक्षहरूको समीक्षाबाटै संकल्पको बलियो आधार सिर्जना हुन्छ । त्यसो हुँदा परिवार र व्यक्तिको सुधारका निम्ति व्यक्तिकै कामहरूको समीक्षा आवश्यक छ । समाज सुधारका निम्ति समाजकै समस्याहरूमाथि मन्थन जरूरी छ । मुलुक र मानव जातिका निम्ति गरिने संकल्पका निम्ति अझ ठूलो र वैज्ञानिक प्रणालीमा विगतका समीक्षा गर्न हुन्छ । बिनाआधार गरिने संकल्प भावनात्मक विषय मात्र हुन् । भगवान् भरोसाको अर्थ मानवीय प्रयत्न शून्य हुनु हो ।

अतः व्यक्तिगत संकल्पका कुरा व्यक्तिगत चाहनामा निर्भर छ । बहस गरिनुपर्ने एजेन्डा भने सामाजिक संकल्पको हो । हाम्रा राजनीति, अर्थनीति, कूटनीति, संस्कृति र समाज कसरी चलिरहेका छन् ? गरिनुपर्ने सुधार के हुन् ? ती विषयहरूमा चिन्तन जरूरी छ । हाम्रो राजनीतिमा देखिएको यति धेरै अस्थिरता र अविश्वासका कारण खोजी गरिनु जरूरी छ । राजनीतिले लिक छाड्दा समाजका इन्जिनहरूले पनि काम नगर्दा रहेछन् । अरू संस्थाहरू पनि दुर्घटनामा पर्दा रहेछन् । राजनीति सबै नीतिको पनि मूल नीति हुने भएकाले राजनीतिमा सुधार अत्यावश्यक छ । त्यसैले, नयाँ वर्षमा गरिनुपर्ने आमसमीक्षा र संकल्प र ाजनीतिको पनि हो । सँगै व्यक्तिगत आँचरण, सोच र जीवन प्रणालीको सुधारमा पनि अर्को वर्ष नकुरी संकल्प गरौं । नयाँ वर्ष, २०८२ को हार्दिक शुभकामना !

# गाँजाले खोल्न सक्छ नयाँ सम्भावना

*नेपालसँग आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सीमित आधार छन्, जसमा गाँजा खेती पनि एउटा आधार हुन सक्छ...*

अग्रलेख



● सन्देश अर्याल

गाँजा निकै बहुउपयोगी वनस्पति हो । गाँजाका पात, फल, फूल सबै औषधिका रूपमा प्रयोग हुन्छन् । बहुउपयोगी यो वनस्पतिको प्रयोग प्राचीनकालदेखि नै औषधीय, धार्मिक तथा मनोरञ्जनात्मक रूपमा हुँदै आएको पाइन्छ ।

यसलाई चिकित्सकीय हिसाबले दुखाइ कम गर्ने, अनिद्रा हटाउने तथा मानसिक स्वास्थ्य समस्यामा उपयोग गरिन्छ भने परम्परागत रूपमा साधु-सन्तहरूले धार्मिक साधनाका रूपमा प्रयोग गर्ने गरेका पाइन्छ ।

तर, बहुयोगी भए पनि यो वनस्पति नेपालमा वैधानिक हिसाबले प्रयोगमा छैन । उत्पादन, प्रयोग र व्यापारका हिसाबले निकै सम्भावनायुक्त भए पनि कानुनी उल्झनका कारण यसबाट लाभ लिन सकिएको छैन । यो लेखमा नेपालमा उत्पादन, प्रयोग र व्यापारका सन्दर्भमा गाँजाको सम्भावनाबारे चर्चा गरिएको छ ।

### नेपालमा गाँजा

नेपालमा सदियौंदेखि नै गाँजा खेती वैध थियो । सांस्कृतिक र चिकित्सकीय हिसाबले महत्त्वपूर्ण भएका कारण यो अनिवार्य जस्तो थियो । तर, सबै परिपाटीलाई बिथोल्दै विक्रमको २०३० को दशकमा कानुन नै बनाई यसलाई अवैध घोषित गरियो । त्यसपश्चात् यसको उत्पादन, प्रयोग र व्यापारलाई करिब पूर्ण रूपमै निरुत्साहित गरियो ।

गाउँगाउँबाट यो खेतीलाई निर्मूल पार्ने अभियान चलाइयो । त्यसयता गाँजा उत्पादन, प्रयोग र विक्री वितरण गरेकै आधारमा थुप्रै नागरिक कानुनी कारबाहीको फन्दामा समेत परे । त्यसअघिसम्म नेपालमा गाँजा सेवन गर्न लाइसेन्स प्राप्त पसलहरू संचालनमा थिए । सँगै, गाँजा सेवन गर्नकै लागि विदेशी पर्यटकहरू नेपालमा आउने गर्थे ।

यद्यपि, प्रतिबन्धको ४५ वर्षपछि गाँजालाई वैधानिक बनाउने बहस पुनः सुरु भएको छ । केहीले व्यापारिक दृष्टिकोणले यसलाई खुल्ला गरिनुपर्ने माग राखेका छन् भने केहीले औषधीय तथा औद्योगिक प्रयोजनका लागि खुल्ला गर्नुपर्ने माग गरेका छन् ।

विशेषगरी ५ वर्षअघि सन् २०२० मा संयुक्त राष्ट्रसंघले गाँजामाथिको प्रतिबन्धलाई खुकुलो बनाएसँगै नेपालमा गाँजाको सन्दर्भमा बहस छेडिएको हो । राष्ट्रसंघमा गाँजाबारे मतदान हुँदा नेपालले पनि पक्षमा मतदान गरेको थियो ।

नेपालको संसद्मा २०७५ फागुनमा पहिलो पटक गाँजालाई वैधानिक बनाउनेगरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरिएको थियो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का ४६ सांसदले सोसम्बन्धी प्रस्ताव दर्ता गरेका थिए, जसमा गाँजालाई खुल्ला गरी यसको उपयोगलाई प्रोत्साहन गर्ने प्रस्ताव गरिएको छ । तर, विभिन्न कारणले उक्त प्रस्ताव अलपत्र पर्न पुग्यो ।

पछिल्ला केही वर्षका बजेटमा सोबारे सम्बोधन गर्नेगरी विषयवस्तु समेटिएको भए पनि त्यसले पूर्ण आकार ग्रहण गर्न पाएको छैन । कानुनी जटिलताका कारण बजेटमा समेटिएका घोषणाहरू व्यवहारमा कार्यान्वयन हुन सकेका छैनन् । अझै पनि कानुनी हिसाबले नेपालमा गाँजाको उत्पादन, उपयोग र बजारीकरण अवैध छ ।

### के छ बाह्य अनुभव ?

'महाशक्ति'को टचाग भिरेको अमेरिकामै पनि गाँजाको उत्पादन, उपयोग र व्यापारीकरण करिब खुल्ला छ । त्यहाँको संघीय सरकारले अझै गाँजालाई त्यति खुल्ला गर्ने नीति नलिए पनि राज्य तहमा खुल्ला गरिएको छ । धेरैजसो राज्यहरूले मनोरञ्जनात्मक र चिकित्सकीय प्रयोजनका लागि यसको उपयोगलाई वैधानिक बनाइसकेका छन् ।

अमेरिकाका मुख्य राज्यहरू वासिंगटन डीसी, न्युयोर्क,



हिमाली र चिसो हावापानी भएका कारण नेपालमा उत्पादन हुने गाँजाको गुणस्तर विशेष प्रकृतिको छ । प्रतिबन्धअघि यहाँको गाँजा अमेरिका र युरोप निकासी हुने गर्थ्यो । अध्ययनहरूले देखाएअनुसार उत्पादनका हिसाबले नेपालको हावापानी गाँजाका लागि निकै अनुकूल छ...

क्यालिफोर्नियासहितका राज्यहरूमा गाँजा खुल्ला छ । अहिलेसम्म २० भन्दा बढी अमेरिकी राज्यहरूले मनोरञ्जनात्मक साधनका रूपमा गाँजालाई वैधानिक बनाएका छन् भने ३० भन्दा बढी राज्यहरूले चिकित्सकीय प्रयोजनका लागि गाँजा प्रयोग गर्न दिएका छन् ।

वैधानिक बनाएका अमेरिकाका राज्यहरूमा गाँजा उद्योगले आर्थिक रूपबाट पनि ठूलो फाइदा पुऱ्याएको पाइन्छ । राज्यहरूले गाँजाबाट ठूलो मात्रामा कर संकलन गर्ने गरेका छन्, जुन शिक्षा, पूर्वाधार र जनकल्याणका कार्यक्रमहरूमा खर्च गरिएको पाइन्छ । उदाहरणका लागि, कोलोराडोले मात्र पछिल्लो १ दशकको बीचमा करमार्फत २ अर्ब डलरभन्दा बढी राजस्व संकलन गरेको छ ।

युरोपका पनि अधिकांश मुलुकहरूमा गाँजाको उत्पादन, विक्री वितरण र प्रयोगलाई खुल्ला गरिएको छ । कतिपयले मनोरञ्जनसहित धेरै खालका प्रयोजनका लागि खुल्ला गरेका छन् भने कतिपयले चिकित्सकीय र बाह्य निकासीका लागि मात्र खुल्ला गरेका छन् ।

जर्मनी, लक्जेम्बर्ग, माल्टा, नेदरल्यान्ड्स, स्पेन र पोर्चुगल करिब पूर्ण खुल्ला भएका देश हुन् भने फ्रान्स, इटाली, युनाइटेड किंगडम, पोल्यान्ड, ग्रिस, डेनमार्क, नर्वेलगायत चिकित्सकीय प्रयोजनका लागि मात्र खुल्ला भएका देश हुन् ।

वैधानिक भएका देशहरूमा गाँजाबाट ठूलो मात्रामा कर संकलन हुने गरेको छ । सँगै, ठूलो मात्रामा रोजगारी पनि सिर्जना भएको पाइन्छ । नेदरल्यान्ड्स गाँजा संस्कृतिकै कारण पर्यटक भित्र्याउने मुलुकका रूपमा विकसित भइरहेको छ ।

### नेपालमा सम्भावना कति ?

विज्ञहरूका अध्ययनलाई केलाउँदा, नेपाल गाँजा उत्पादनका लागि निकै नै महत्त्वपूर्ण क्षेत्र हो । हिमाली र चिसो हावापानी भएका कारण यहाँको गाँजाको गुणस्तर विशेष प्रकृतिको छ । प्रतिबन्धअघि यहाँको गाँजा अमेरिका र युरोप निकासी हुने गर्थ्यो । अमेरिका र युरोपले यहाँको गाँजालाई पहिलो प्राथमिकतामा राख्ने गरेका तथ्य भेटिन्छ ।

सँगै, अध्ययनहरूले देखाएअनुसार उत्पादनका हिसाबले नेपालको हावापानी गाँजाका लागि निकै अनुकूल छ । यहाँ गाँजा उत्पादन गर्न अन्य देशहरूको तुलनामा लागत कम लाग्छ भने गुणस्तरीयताका हिसाबले पनि उच्च कोटिको हुन्छ ।

बहुउपयोगी गाँजालाई कच्चा रूपमै र प्रशोधन गरी विभिन्न रूपमा विक्री वितरण गर्न सकिन्छ, जसका आधारमा एकातिर कृषि क्षेत्रमा लाग्ने ठूलो संख्यालाई व्यावसायिक बनाउन सकिन्छ भने अर्कातर्फ गाँजाकै विभिन्न वस्तुहरू उत्पादन गर्न उद्योगहरू खोल्न सकिन्छ ।

प्रतिवेदनहरूलाई हेर्दा, विश्व बजारमा अहिले गाँजा र भाङजन्य पदार्थको तेलको माग अत्यधिक मात्रामा छ । ब्युटी प्रोडक्टमा पनि यसको व्यापक प्रयोग हुने गरेको पाइन्छ । पेय पदार्थमा पनि यसको उत्तिकै प्रयोग हुने गरेको छ । रक्सीरहित नशालु पेय पदार्थ बनाउन यसको प्रयोग भएको पाइन्छ ।

युरोप, अमेरिकालगायतको उदाहरण हेर्दा, गाँजाबाट नेपालले ठूलो आर्थिक लाभ प्राप्त गर्न सक्छ । नेपालमै भएका अध्ययनलाई हेर्दा, गाँजाकै उत्पादनबाट नेपालले व्यापारघाटा घटाउन सक्छ । दक्षिण अफ्रिकी देश पोन्डाल्यान्डको उदाहरण हेर्दा नेपालले गाँजाबाट ठूलो आर्थिक फड्को मार्न सक्छ ।

निष्कर्षमा, नेपालसँग आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सीमित आधार छन्, जसमा गाँजा खेती पनि एउटा आधार हुन सक्छ । प्रकृतिले दिएको यो अनुपम उपहारलाई नेपालले आफ्नो अनुकूलमा प्रयोग गर्ने नीति अघि सार्नुपर्छ । विगतमा कसैको दबाबमा कानुनी प्रबन्ध गरी यसलाई नियन्त्रणमा लिने काम गरियो । तर, विश्व बजारको अभ्यासबाट पनि सिक्दै नेपालले यसबाट फाइदा लिने नीति लिनु नै अहिलेका लागि महत्त्वपूर्ण कदम हुन सक्छ । गाँजालाई समृद्धितर्फ जोड्ने प्रयास गरौं ।

## इतिहासमा आज

१४ अप्रिल १९६५ मा अमेरिकाले नेभाडा परीक्षणस्थलमा आणविक परीक्षण गरेको थियो ।



१४ अप्रिल १९६२ मा जर्जेस पोम्पिडौ फ्रान्सको प्रधानमन्त्री बनेका थिए ।



१४ अप्रिल १९४४ मा बम्बईमा मालबाहक जहाज 'फोर्टस्टिकिन'को विस्फोटनका कारण १ हजार ३७६ भन्दा धेरै मानिसहरूको मृत्यु भएको थियो ।



१४ अप्रिल १९८० मा नर्मन मेलरलाई पुलिट्जर पुरस्कार प्रदान गरिएको थियो ।



## सामाजिक सञ्जाल



सूर्यराज आचार्य

जुनसुकै 'तन्त्र' होस्, राष्ट्रप्रति प्रतिबद्ध, प्रगतिका लागि स्पष्ट सोच भएका, शिक्षित, सक्षम, इमान्दार र नैतिकवान् व्यक्तिको समूहबिना मुलुकको उन्नति असम्भव छ । विश्वका सफल देशहरूको अनुभवले यो पुष्टि हुन्छ । तर, नेपालमा यस्तो समूह बन्नु र राज्य संचालनमा सहभागी हुनु निकै कठिन छ ।



दिल निशानी मगर

मान्छेहरूलाई बालेनको कामभन्दा पनि शाह थरसँग आकर्षण थियो । जातिवाद र वंशवाद भनेको यही हो । तर, बालेनले ज्ञानेन्द्रको नाममा चिठ्ठी काटेपछि यिनीहरूको होस-हवास उडेको छ । र, बालेनले पनि दिल निशानी मगरले जस्तै अपाच्य गाली खान थालेको छ ।



प्रेम घर्ती मगर

सरकारमा बसेर शक्ति प्रदर्शन गर्ने भनेको के हो ? सरकार त तिमीहरू नै हौ, अब कसलाई देखाउनपऱ्यो शक्ति ? १ लाख युवालाई सडकमा उतार्ने रे ! कस्तो खालको सरकार हो यो ? त्यही १ लाख युवालाई रोजगारी दिने, देश बनाउने योजना बनाए हुँदैन ? काम देखाऊ, शक्ति होइन । देश बनाऊ, तमासा होइन ।



डम्बर खतिवडा

शिक्षक मित्रहरू ! अन्यथा नठान्नु होला, तीतो सत्य हो- ९० प्रतिशत शिक्षक कांग्रेस-कम्युनिस्टका दलीय ट्रेड युनियन सदस्य छन् । लेबी तिर्छन्, चुनावमा खर्च उठाएर दिन्छन्, भोट माग्दिन्छन्, नेता चिन्छन् । तपाईंहरूप्रतिको रेस्पोन्स त यस्तो छ, सर्वसाधारणाको हालत के होला ? भो, छोड्नुस् यिनका ट्रेड युनियन !

# शुभ काम कि शुभकामना नयाँ वर्षको ?

विचार



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*देश रोगी छ, एन्टिबायोटिक दिएर रोग निको नहुने भएको छ । शल्यक्रिया गर्ने क्षमताका चिकित्सकहरू देशमा देखिएनन्, सबै बिकेका र लोभतन्त्रको तर मारिसकेका मात्र देखिए...*

लोकतन्त्र सधैं शुभकामना दिन व्यस्त छ, नयाँ वर्ष लाग्यो शुभकामना, इद आयो, नेपाल सम्वत् आयो, दसैं-तिहार केके आयो, क्यालेन्डरहरू पल्टिए, सबैजसो शुभकामनामै व्यस्त छन्, तर शुभ कर्म, शुभ काम गर्नेहरूको सधैं खडेरी छ देशमा । शुभकामनाले पेट भरिएन नेपालीको, न आङमा कपडा नै, बरु बन्दी बाकसमा फर्कने खाडी जाने २-४ हजार कमाउने ध्याउन्नमा छन् र त आज गाउँ खाली छ, शहर बेरोजगार छ, गोठका किला दाम्ला निदाएका छन्, संघीयता सिंहदरबार वरिपरि घुम्छ, लोकतन्त्रको डोजर गाउँगाउँतिर ।

शिक्षकदेखि किसानसम्म र व्यापारीदेखि चिकित्सकसम्म, सहकारीदेखि लघुवित्तपीडित अनि मिटर ब्याजपीडितसम्म आन्दोलनमै त छन्, मैनबत्तीको जुलुस, कालो मास्कको जुलुस, टर्च लाइटको जुलुस, सिटी जुलुस केके जुलुस नाम दिएर साध्य छैन ।

भान्साबाट थालहरूको जुलुस आए पनि महँगीको मारमाथि बच्ने उपाय हामीसँग भएन । न उत्पादन छ, न त खर्च कम गर्ने क्षमता नै छ हामीसँग । समय पहिरो लागेसँगै मनको पहरो सधैं गइरहेको छ । नेपालीहरूको आँसु लोकतन्त्र, न गणतन्त्र वा संघीयताले नै पुछ्न सकेको छ बरु यसका संचालकहरू हर्षाश्रु बगाउँदै छन् विप्रेषण पाएर, ठेक्कापट्टा पाएर, सार्वजनिक पदमा हालिमुहाली गर्न पाएर, श्रीमती, श्रीमान्ले पदभार ग्रहण गरेसँगै गर्लफ्रेन्ड वा ब्वाई फ्रेन्डहरूले समेत ओहदाका ठूलाठूला पद पाएर ।

सुनिँदै छ, नेपाल राष्ट्र बैंकका गभर्ननरको लिलाम बढाबढ हुँदै छ । सुटकेस बा ब्रिफकेसको साँचो बैंकमै त हुन्छ, नोट त्यहींबाट छापिन्छ, नोट र भोट लोकतन्त्रमा एकअर्काका पर्याय भएको अहिले नयाँ कुरो होइन । जातभात मिल्नुपर्छ, कामुसामुको कुरो गोली मारिदिए हुन्छ, अतीतले पनि पाठ सिकाएकै हो ।

२ ठूला हात्तीहरू मिलेपछि यहाँ सबै ठीक हुन्छ, अन्य भारेभुरे बाद । सबैलाई करिब थान्को लगाइसकिएको छ, कोही कारागार चलान, कोही नजरबन्द, कोही भूमिगत, कोही घेराबन्दी, बाँकी चुरफुर गर्नेलाई बार्गेनिङ गर्न मिलिहाल्छ । बस्, लोकतन्त्र लोभतन्त्रमा परिणत भएपछि शुभकामना दिएर वर्ष चलिहाल्छ, चौरासीमा अर्कै रणनीति । त्यतिबेलासम्मलाई ढुक्कको राजनीति, यसलाई लाजनीति भन्नेहरू भनिरहून्, सबै उही डचाङका मूलाहरू नै भइसकेका छन् ।

शिक्षक झुक्ने, उद्यमी झुक्ने, व्यापारी झुक्ने, किसान झुक्ने, कर्मचारी झुक्ने, वकिल, न्यायाधीश, ड्राइभर, विद्यार्थी, राष्ट्र सेवक, तमाम पेसाकर्मी झुक्ने लोभतन्त्रमा नागरिक नझुक्ने कुरै छैन ।

संगठितको हालत त यस्तो छ भने निरीह र असंगठितको हालत देशमा के हुन्छ ? बस्, यत्ति थाहा छ- नरोएसम्म र छातीमा बच्चाले लात नहानेसम्म आमा दूध दिन बाध्य नहुने हाम्रो संस्कृति विकसित भइसकेको छ । संस्कृति र संस्कार पनि लोभतन्त्रमा झुकिसकेको छ ।

ट्रम्पले उत्पापदित वस्तुमा १०४ प्रतिशतको भन्सार टचारिफले चीनलाई झुकाइसकेको सन्दर्भमा छिमेकीले हामीलाई झुकायो भन्दा अत्युक्ति मान्ने कुरो भएन । हाम्रो त झन् उत्पादन नै छैन, उसकै कोटामा निर्भर छौं । विचार पनि उसैको र १२ बुँदे पनि उतैको, लोकतन्त्र, गणतन्त्र सबै अरूकै र धर्मनिपेक्ष पनि आफ्नो नभएकाले झुक्दिनँ, सोझै बस्छु भन्नु जोकर फाल्टु हुनु मात्र हो ।

आन्दोलनकारीहरूले आन्दोलनबाट देशमा परिवर्तन गरे पनि क्रेडिट अरूकै, नगरे पनि क्रेडिट पुरानै क्या मज्जाको लोकतन्त्रले शुभकामनाबाहेक जनताको दैलोमा कुनै सेवा वा वस्तु आपूर्ति गरिदेला, यो सोच्नु हाम्रो भूल हुने छ । इतिहासको विरासत बोकेकाले त सकेनन् भने हिजो अस्ति उम्रिएकाले केही गर्लान् नसोच्दा राम्रो होला ।

मेलम्ची खाने, वाइडबडी खाने, ललिता निवास खाने, बाँसबारी खाने, बालमन्दिर खाने, भृकुटी कागज खाने, रोजिन एन्ड टर्पेन्टाइन खाने, हेटौंडा, उदयपुर सिमेन्ट खाने, गोरखकाली रबर खाने, ट्रली बस, रोप वे खाने, साझा यातायात खाने, हरिसिद्धि इँटा खानेलाई औषधि लिमिटेडको सन्चोलाई खाएर विसन्चो देश देख्न कुरै उल्झन हुन्न । देश रोगी छ, एन्टिबायोटिक दिएर रोग निको नहुने भएको छ । शल्यक्रिया गर्ने क्षमताका चिकित्सकहरू देशमा देखिएनन्, सबै बिकेका र लोभतन्त्रको तर मारिसकेका मात्र देखिए ।

धर्मनिरपेक्ष र संघीयता ठीक छ भन्दै अन्तर्राष्ट्रिय फोरमहरूमा बोल्ने र उपल्लो पद लिनेहरू अहिले बेठीक भन्दै छन् र तिनको गुह्य बुझिसकेका हस्तीहरू बिस्तारैबिस्तार्र बोलीबाट काउन्टर दिँदै छन् भने गुह्य बुझ्न बाँकीहरूलाई ताडनाको प्रहार राज्यलाई अवगतै भएको विषय बनेको छ, भागाभागको अवस्था छ तिनको ।

नयाँ वर्ष लाग्छ, आन्दोलनको रापताप, बिस्तारै सेलाउँछ, लोकतन्त्रका नायकहरूले सबैको गुढ रहस्य बुझिसकेका छन् । नवपुस्ता विदेश भासिने, केही पुस्तालाई राजनीतिक रोजगारी मिल्ने, बाँकी पुस्ता कराएर केही नहुने देशका नायकहरूले सबैको नाडी छामिसकेकाले मनपरी गर्न अभ्यास भइसकेको छ तिनको ।

राज्य दोहन गर्न सिालु छन् ती, बेलाबखत हामी छौं, चिन्ता नलिनू भन्दै गोहीको आँसु पनि बगाउन तल्लीन छन् । देशले भने शुभकामना होइन, शुभ काम खोजेको हो, अहिलेसम्म शुभ कर्म वा शुभ काम गर्न जीउ ज्यान आहुति दिने कोही आएन, किन होला ? नेपाली धर्तीमा एक सिंगो र जिउँदो जंगबहादुरको आवश्यकता छ, जसले देश र जनताबाहेक अरू नहेरेको होस् ।

# माग सम्बोधन हुन्छन्, आन्दोलनलाई पुनर्विचार गर्नुस् : संसदीय समिति




**काठमाडौं/मस**–संसदीय समितिले आन्दोलनरत शिक्षकहरुको विषय विधेयकको विषयवस्तु भएको र छलफल सकारात्मक रहेकाले आन्दोलनलाई पुनर्विचार गर्न आग्रह गरेको छ ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिद्वारा गठित उपसमितिले आन्दोलनरत शिक्षकहरुको विषय विधेयकको विषयवस्तु रहेको भन्दै आन्दोलनलाइ पुनःविचार गर्न आग्रह गरेको हो ।

